# शिक्षा मन्त्रालय

मन्त्रालय र मातहतसमेत १३२ कार्यालयको विनियोजन रु.९१ अर्ब ६८ करोड ७५ लाख, राजस्व रु. १ अर्ब २७ करोड ७१ लाख, धरौटी रु.५ करोड ९७ लाख र अन्य कारोबार रु.९७ करोड ४ लाखसमेत रु.९३ अर्ब ९९ करोड ६२ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था २५०, समिति ५, अन्य संस्था ३ समेत २५८ को रु.३९ अर्ब ६५ करोड १ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन –** विदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपालमा उच्चशिक्षा सञ्चालन गर्न गत वर्षसम्म अनुमति प्राप्त गरेका ९४ शिक्षण संस्थाले सम्बन्धित विश्वविद्यालयबाट गुणस्तर निर्धारण प्रमाणपत्र प्राप्त गरेको, शैक्षिक प्रमाणपत्र समकक्षता निर्धारण गरेको र लिन पाउने शुल्कलगायतका विषयलाई कानूनद्वारा व्यवस्थित गर्नुपर्ने सुझाव दिइएकोमा सुधार नगरी यो वर्ष थप २ शिक्षण संस्थालाई उच्चशिक्षा सञ्चालन गर्न अनुमति दिएको छ । विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० अनुसार विश्वविद्यालयलाई मात्र अनुदान दिने व्यवस्था भएकोमा विश्वविद्यालयको मान्यता नपाएको एक समितिलाई गत वर्ष रु.३ करोड ५७ लाख अनुदान दिएकोमा सो रकम नै उपयोग नभएको अवस्थामा पुन: यो वर्ष रु.१० करोड ५० लाख अनुदान उपलब्ध गराएको छ । सार्वजनिक लेखा समितिले समेत उपरोक्त सुझावको अनुसरण गर्न निर्देशन दिएकोमा सोको कार्यान्वयन भएको छैन ।

निजी लगानीमा प्राविधिक महाविद्यालय सञ्चालन गर्ने स्वदेशी लगानीकर्ता भए १० प्रतिशत र विदेशी लगानीकर्ता भए २० प्रतिशत नि:शुल्क छात्रवृत्ति कोटा नेपाल सरकारलाई उपलब्ध गराउनुपर्नेमा चिकित्सा शिक्षासँग सम्बन्धित बाहेक इन्जिनियरिङ्ग, कृषि, पशुचिकित्सा, वन विज्ञान लगायत अन्य विषयका अध्यापन गर्ने कुनैपनि कलेजले हालसम्म छात्रवृत्ति उपलब्ध गराएका छैनन् । विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **छात्रा शिक्षा कोष –** विद्यालय एवं क्याम्पसमा अध्ययनरत छात्राहरुलाई छात्रवृत्ति उपलब्ध गराउन मन्त्रिपरिषद्को २०६२।३।२९ को निर्णयानुसार स्थापना भएको छात्रा शिक्षा कोषमा मन्त्रालयले यो वर्ष जम्मा गरेको रु.२ करोड समेत रु.४३ करोड ९२ लाख मौज्दात रहे तापनि हालसम्म उपयोगमा आएको छैन । सार्वजनिक लेखा समितिले कार्यविधि बनाई तत्काल उपयोग गर्न २०७२।१०।२४ मा निर्देशन दिएकोमा अद्यापी सो नगरेकोले उक्त रकम संचित कोष दाखिला हुनुपर्दछ ।

३. **अनुदान –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) अनुसार बजेटमा समावेश गरी मन्त्रालयले अनुदान निकासा गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३.१. मन्त्रालयले अनुदान वितरणसम्बन्धी नीति बनाई तदअनुरुप अनुदान वितरण गर्नुपर्नेमा सो नीति नबनाई अनुदान वितरण गर्दै आएको छ ।

३.२. विश्वविद्यालय अनुदान आयोगलाई पुँजीगत अनुदान रु.७९ करोडसमेत रु.७ अर्ब १७ करोड ६८ लाख, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्लाई रु.१ अर्ब ६७ करोड ७७ लाखसमेत ९ संस्थालाई रु.१० अर्ब ६१ करोड ७६ लाख अनुदान उपलब्ध गराएकोमा सदुपयोग सम्बन्धमा अनुगमन भएको छैन । उक्त अनुदान उपयोगको अनुगमन गर्नुपर्दछ ।

३.३. मन्त्रालयले संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएको शहीद प्रतिष्ठान नेपाललाई द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रम अन्तर्गत १ हजार ४०० विद्यार्थीलाई आवास सुविधासहित नि:शुल्क पठनपाठनको व्यवस्था गर्न पुँजीगततर्फ रु.१ करोड ५० लाख र चालुतर्फ रु.६ करोड ५२ लाख समेत यो वर्ष रु.८ करोड २ लाख अनुदान उपलब्ध गराएको छ । उक्त प्रतिष्ठानको लेखापरीक्षण प्रतिवेदन तथा कार्यप्रगति विवरण प्रस्तुत गरेको छैन भने मन्त्रालयबाट अनुगमनसमेत गरेको छैन । संस्थाको प्रगति विवरण, शिक्षक विद्यार्थी संख्या र खर्चको उपलब्धि विवरणसहित मूल्याङ्कन गरी समितिमा पेश गर्ने साथै खर्च नभएको भए सो रकम संचित

कोषमा जम्मा गर्न सार्वजनिक लेखा समितिले २०७२।१०।२४ मा निर्देशन दिएकोमा तत्सम्बन्धी कारबाही अगाडि नबढाई यो वर्ष समेत अनुदान दिएको छ ।

३.४. मन्त्रालयले दुई संस्थागत विद्यालयलाई रु.४ करोड १५ लाख, एक मेडिकल विद्यालयलाई रु.५ लाख र दुई आश्रम/गुरुकुललाई रु.११ लाखसमेत रु.४ करोड ३१ लाख छात्रवृत्ति वितरण गर्न अनुदान प्रदान गरेको छ । एक विद्यालयबाट कक्षा ४ देखि १२ मा अध्ययनरत १९५ विद्यार्थीलाई रु.१ करोड ४२ लाख नगद छात्रवृत्ति वितरण गरेकोमध्ये कक्षा ४ का एक विद्यार्थीलाई रु.२ लाखसम्म वितरण गरेको छ । छात्रवृत्ति वितरण प्रक्रियालाई वस्तुपरक, भरपर्दो र विश्वसनीय बनाई अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

३.५. मन्त्रालयले ८२ पुस्तकालय तथा गुरुकुल र विद्यालयका लागि यो वर्ष रु.५० हजारदेखि रु.२२ लाखसम्म रु.२ करोड २४ लाख अनुदान उपलब्ध गराएको छ । कार्यक्रम, कार्यप्रगति, लेखापरीक्षण प्रतिवेदनलगायत खर्च अनुगमन एवं मूल्याङ्कन र आवश्यकताको पहिचान नगरी मन्त्रालयबाट सोझै निकासा दिएकोमा नियन्त्रण हुनुपर्दछ ।

३.६. मन्त्रालयले कक्षा कोठा/छात्रावास निर्माण गर्न एक संस्थागत विद्यालयलाई रु.१ करोड, सूचना प्रविधि र अन्य प्रयोगशाला सामग्री खरिद गर्न रु.१ करोड र एक गुरुकूललाई भवन निर्माण गर्न रु.१५ लाखसमेत रु.२ करोड १५ लाख पूँजीगत सःशर्त अनुदान उपलब्ध गराएको छ । सूचना प्रविधि र अन्य प्रयोगशाला सामग्री खरिद गर्ने प्रयोजनको लागि रु.१ करोड अनुदान दिएकोमा उक्त रकमबाट भवन निर्माण र स्विमीङ्ग पूल निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश भएको छ । स्वीकृत कार्यक्रमअनुसार अनुदानको उपयोग गरेको छैन । अन्य दुई निकायबाट कार्य सम्पन्न प्रतिवेदन पेश नभएको र मन्त्रालयबाट अनुगमन समेत भएको छैन ।

४. **अनुमति प्राप्त शिक्षण संस्था –** विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा शिक्षण संस्था सञ्चालन गर्ने संस्थाले मन्त्रालयबाट सञ्चालन अनुमति नवीकरण गराउनुपर्ने व्यवस्था छ । मन्त्रालयबाट २०७३ आषाढसम्म अनुमति प्राप्त ९४ संस्थामध्ये ७४ ले नवीकरण गराएको, ११ संस्थामा विद्यार्थी नभएको, २ संस्थाले नवीकरण गर्नु नपर्ने र ७ ले नवीकरण नगराएको जनाएको छ । नवीकरण नगराएका संस्थामा अध्ययनरत विद्यार्थी संख्या र नवीकरण गर्नुपर्ने अवधिसमेत नखुलेको कारण संस्थाहरुबाट प्राप्त हुनुपर्ने राजस्व यकिन हुन सकेको छैन । नवीकरणका लागि आवेदन नदिई सञ्चालनमा रहेको र विद्यार्थी नभएको शिक्षण संस्थामा आगामी वर्षको लागि विद्यार्थी भर्ना स्थगन वा सञ्चालन अनुमतिपत्र रद्द गरेको छैन । निर्देशिकामा भएको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

५. **अख्तियारी** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी आर्थिक वर्ष शुरु भएको पन्ध्रदिनमा सम्बन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । शिक्षा मन्त्रालयले अर्थ मन्त्रालयको २०७३।३।२० को निर्णयबाट रकमान्तर गरी प्राप्त रु.२९ करोड ९८ लाख विद्यालय भवन निर्माण/कक्षाकोठा थप, मेसिन उपकरण खरिद, कम्प्युटर, विज्ञान प्रयोगशाला, शौचालय/कम्पाउण्डवाल/खेल मैदान निर्माण र सोलार जडान कार्यको लागि सामुदायिक विद्यालयहरुलाई अनुदान दिने गरी प्रति जिल्ला न्यूनतम रु.३ लाखदेखि अधिकतम रु.२ करोड ६३ लाखसम्म ६८ जिल्ला शिक्षा कार्यालयलाई २०७३।३।२१ मा अख्तियारी दिएको आधारमा ६६ जिल्ला शिक्षा कार्यालयले सम्बन्धित विद्यालयको खातामा रु.२९ करोड ५८ लाख निकासा खर्च लेखेको पाइयो । उक्त अनुदान रकमबाट सम्बन्धित विद्यालयले यस वर्ष काम सम्पन्न गर्न नसक्ने अवस्थामा पनि अख्तियारी प्रदान गरी विद्यालयको खातामा रकम जम्मा गरेकै आधारमा सतप्रतिशत भौतिक तथा वित्तीय प्रगति देखाई खर्च लेखाङ्कन गरेको उपयुक्त देखिएन ।

सबैका लागि शिक्षा (शिशु विकास) कार्यक्रमको लागि यो वर्ष रु.७५ लाखको बजेट व्यवस्था गरेको भएपनि उक्त कार्यक्रम सञ्चालन गर्ने अख्तियारी मन्त्रालयबाट अनौपचारिक शिक्षा केन्द्रलाई २०७३।३।२१ मा मात्र प्राप्त भएकोले विभिन्न तहको तालिम, अभ्यास पुस्तिका वितरण, वैकल्पिक विद्यालय शिक्षा जस्ता कार्यक्रम सञ्चालन हुन सकेन । यसैगरी प्राप्त तथ्याङ्कअनुसार १० लाख विद्यालय उमेरका बालबालिका विद्यालय शिक्षाको पहुँचबाट बाहिर रहेको देखियो । समयमा अख्तियारी दिई कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

६. **शिक्षक दरबन्दी मिलान** – शिक्षा ऐन, २०२८ मा नेपाल सरकारले विद्यालय गाभ्न वा बन्द गर्नसक्ने र विद्यार्थी तथा शिक्षकको अनुपात मिलाउनु पर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ मा प्रत्येक कक्षामा उपत्यका तथा तराईमा ५०, पहाडमा  ४५ र हिमाली क्षेत्रमा ४० विद्यार्थी हुनुपर्ने र तोकिएको विद्यार्थी संख्या नभएमा विद्यालयलाई गाभ्न सक्ने व्यवस्था छ । शिक्षा विभागद्धारा प्रकाशित सन् २०१५।१६ को फ्ल्यास १ प्रतिवेदन अनुसार प्रा.वि., नि.मा.वि. र मा.वि. मा विद्यार्थी संख्या र कार्यरत शिक्षक संख्या निम्नानुसार देखिएको छ :

**विद्यार्थी संख्या**

| क्षेत्र | प्रा.वि. | नि.मा.वि. | मावि. |
|---|---|---|---|
| हिमाली क्षेत्र | ३२४८८२ | १४१६७६ | ७४०६५ |
| पहाडी क्षेत्र | १३१०१४० | ६७०६७३ | ३२८८०४ |
| तराई र उपत्यका क्षेत्र | १९१०९६२ | ७४५६६३ | ३५५६६४ |
| **जम्मा:** | **३५४५९८४** | **१५५८०१२** | **७५८५३३** |

उल्लेखित विद्यार्थीलाई अध्यापन गर्न कार्यरत शिक्षक संख्या, शिक्षा नियमावली बमोजिम प्रति कक्षा विद्यार्थी संख्याको आधारमा आवश्यक शिक्षक संख्या र बढी शिक्षक संख्या निम्नानुसार रहेको छ :

| शिक्षक संख्या | प्रा.वि. | नि.मा.वि. | मा.वि. |
|---|---|---|---|
| कार्यरत शिक्षक | १४१९७३ | ३७०८६ | २४३३१ |
| विद्यार्थी संख्याको आधारमा आवश्यक शिक्षक | ७५४४९ | ३३३६० | १६२७३ |
| बढी शिक्षक | ६६५२४ | ३७२६ | ८०५८ |

यो वर्ष शिक्षकहरुको तलब भत्ताको लागि प्रा.वि.तर्फ रु.२८ अर्व ४ करोड ९९ लाख र मा.वि./नि. मा.वि.तर्फ रु.१४ अर्व ३७ करोड ५१ लाख समेत रु.४२ अर्व ४२ करोड ५० लाख खर्च भएको छ । बढी संख्यामा कार्यरत शिक्षकको लागि प्रत्येक तहको तृतीय श्रेणीको शुरु तलब स्केलले गणना गर्दा रु.१८ अर्व ७९ करोड ९७ लाख नेपाल सरकारको खर्च बढेको देखिन्छ । शिक्षक दरबन्दी मिलान गरी अनावश्यक व्ययभार घटाउनुपर्दछ ।

## शिक्षा विभाग

७. **प्रगति मूल्याङ्कन :** विद्यालय क्षेत्र सुधार कार्यक्रम २०६६।६७ मा शुरु भई २०७२।७३ मा सम्पन्न भएकोमा उक्त कार्यक्रम अन्तर्गत तोकिएको लक्ष्य र सो बमोजिम भएको सम्बन्धमा सबै कम्पोनेन्टको प्रगति प्रतिवेदन तयार नगरेकोले समग्र लक्ष्य र प्रगतिको अवस्था यकिन नभएकोले विभागबाट प्राप्त विवरणअनुसार यस कार्यक्रम अन्तर्गत आयोजना अवधिमा (२०६६।०६७ – २०७२।०७३) मा भएका मुख्य क्रियाकलापहरुमा निम्न बमोजिम प्रगति भएको देखिन्छ:

| | | | लक्ष्य | | प्रगति | | खर्च | |
|---|---|---|---|---|---|---|---|---|
| सि.नं | कामको विवरण | इकाइ | परिमाण | जम्मा बजेट (रु हजार) | परिमाण | प्रतिशत | (रु.हजार) | प्रतिशत |
| १ | कक्षा कोठा निर्माण | संख्या | ४६८३२ | २३३७८९९० | ४६४७३ | ९९.२१ | २३१३२४९३ | ९८.९५ |
| २ | छात्रा शौचालय निर्माण | संख्या | १४७०० | ३३५५००० | १४६५२ | ९९.६७ | ३३२२४९० | ९९.३३ |
| ३ | शौचालय, खानेपानी, तारवार, वातावरण सुधार | संख्या | १८९९६ | १००६८२५० | १८९७१ | ९९.८७ | १००५२५२० | ९९.८४ |
| ४ | विद्यालय कक्षा कोठा मर्मत | संख्या | २६९५५ | ३१०४७०० | २६४८८ | ९८.२७ | ३०५२४७५ | ९८.३२ |

कक्षा कोठा निर्माण, छात्रा शौचालय निर्माण, खानेपानी, तारबार तथा वातावरण सुधारमा ९९ प्रतिशतभन्दा बढी प्रगति देखाएको छ । विद्यालय खातामा रकम जम्मा गरेकै आधारमा भौतिक प्रगति देखाएकोमा लेखापरीक्षणको क्रममा अधिकांश विद्यालय भवनहरु निर्माणाधिन अवस्थामा रहेको देखिएकोले यथार्थ भौतिक प्रगति तयार गरी मूल्याङ्कन हुनुपर्दछ।

७.१ विद्यालय क्षेत्र सुधार कार्यक्रमतर्फ यो वर्ष विभागबाटै सम्पादन हुने कार्यको भौतिकतर्फ ८३ प्रतिशत र वित्तीयतर्फ ४८ प्रतिशत प्रगति गरेको छ । विभागबाट सम्पन्न गर्नुपर्ने १०१ क्रियाकलापमध्ये विद्यालयको सम्पत्ति अभिलेख सफ्टवेयर निर्माण, शैक्षिक नक्साकंन, प्रारम्भिक बालविकास निर्देशिका छपाई, बालविकास परिषद बैठक लगायत २४ कार्यमा प्रगति शुन्य छ ।

त्यस्तै यो वर्ष विभाग अन्तर्गतका कार्यालयहरुमा उक्त कार्यक्रम अन्तर्गत समग्रमा ९४.९९ भौतिक र ९०.१४ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ । कुल १६८ कार्यक्रम सञ्चालन गर्नुपर्नेमा शैक्षिक जनशक्ति बिकास केन्द्र भौतिक सुविधा सुदृढीकरण, सूचना प्रविधि प्रयोगशाला स्थापना, पुस्तकालय सुदृढीकरण, अनलाइन सन्दर्भ सामग्री डकुमेन्टेशन लगायत १२ कार्यक्रम सञ्चालन नै भएको देखिएन । त्यसैगरी ६८ कार्यक्रममा ८० प्रतिशतभन्दा घटी प्रगति भएको देखिन्छ ।

७.२ शिक्षा विभागले प्रकाशित गरेको फ्ल्यास १ प्रतिवेदन, २०७२ (२०१५।१६) अनुसार निम्न विषयहरुमा आधार वर्ष २००७८ को तुलनामा निम्न बमोजिमको अवस्था देखियो :

| विषय | २००९।१० | १०।११ | ११।१२ | १२।१३ | १३।१४ | १४।१५ | १५।१६ |
|---|---|---|---|---|---|---|---|
| एस एल सि उत्तीर्ण | ६४.३१ | ५५.५० | ४७.६५ | ४१.५७ | ४३.९२ | – | ४७.४३ |
| साक्षरता ६ वर्ष माथि | ६३.०० | ६१ | ६५.९ | ६५.९ | ६५.९ | ६५.९ | ६५.९ |
| साक्षरता १५ वर्ष माथि | ५६.०० | ५७.०० | ५७.०० | ५७.०० | ५७.०० | ५७.०० | ५७.०० |
| खुद भर्ना दर प्राथमिक | ८६.४ | ८९ | ९०.७ | ९१.२ | ९१.६ | ९३ | ९३.९ |

तथ्याङ्क विश्लेषण गर्दा एस.एल.सी.परीक्षा उत्तीर्ण दर घट्दो अवस्थामा रहेको, ६ वर्ष माथिको उमेर समूह माथिको साक्षरता सन् २००९।१० मा ६३ प्रतिशत रहेकोमा ७ वर्षपछि ६५.९ रहेको र १५ वर्ष माथिको उमेर समूहको साक्षरता सन् २०१०।११ देखि स्थीर अर्थात ५७ प्रतिशत रहेको छ । प्राथमिक विद्यालयको भर्ना दर सन् २००९।१० मा ८६.४ प्रतिशत रहेकोमा यो वर्ष ९३.९ प्रतिशत रहेको देखिएकोले ६.१ प्रतिशत बालबालिका अझै पनि विद्यालयबाहिर हुँदा सरकारी क्षेत्रको लगानीअनुसार उपलब्धि कम हासिल भएको छ ।

८. **सिकाई उपलब्धि -** समग्र बजेटको करिव १२ प्रतिशत शिक्षा क्षेत्रमा लगानी भएतापनि प्रभावकारी रुपमा प्रयोग हुन नसकेको, मुलतः तलब भत्तामा खर्च हुने गरेको, शैक्षिक विकासमा प्राथमिकीकरण गर्न नसकेको अवस्थामा गुणस्तर सुधार, सक्षमता अभिवृद्धि र सेवा प्रवाहको प्रभावकारिता ल्याउन गर्नुपर्ने विभिन्न सुधारमध्ये शैक्षिक गुणस्तर सुधार प्रमुख रुपमा रहेको छ । सिकाई उपलब्धि सम्बन्धमा शैक्षिक गुणस्तर परीक्षण प्रतिवेदन अनुसार २०११ को कक्षा ८ मा गणित, नेपाली र सामाजिक शिक्षामा स्टाण्डर्ण्ड डेभिएसन २१.३, १९ र १५.९ रहेको, २०१३ को कक्षा ८ मा गणितमा २४.२ रहेको, २०१२ को कक्षा ५ को गणित, नेपाली र अंग्रेजीमा २२.९, २३.१ र २४.२ रहेकोमा कक्षा ३ को गणित र नेपालीमा २५.६ र २४ रहेकोले स्टाण्डर्ण्ड डेभिएसनमा कमी हुदैं गएको पाइएन । यसमा सुधार हुनुपर्दछ ।

शैक्षिक व्यवस्थापन सूचना प्रणालीको आधारमा सन् २००७८ मा कक्षा ५ र ८ को सिकाई उपलब्धि क्रमशः ५० र ४४ प्रतिशत थियो भने सन् २०१५।१६ मा कक्षा ५ को गणितमा ५३, नेपालीमा ६० र अंग्रेजीमा ५४ प्रतिशत देखिन्छ । सोमा कक्षा ८ को गणितमा ३५ नेपालीमा ४८ र सामाजिकमा ४१ प्रतिशत रहेको देखियो । सिकाई उपलब्धिलाई विश्लेषण गर्दा शिक्षा क्षेत्रको गुणस्तरमा सुधार ल्याउन सिकाई अभिवृद्धिमा जोड दिनुपर्ने देखिन्छ ।

९. **निःशुल्क पाठ्यपुस्तक वितरण :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ अनुसार सम्बन्धित विद्यालयहरुबाट विद्यार्थीहरुको तथ्याङ्क लिई विद्यार्थी संख्या यकिन गरेर कक्षा दोहोऱ्याउने संख्या घटाई विद्यालयलाई निकासा दिने, शैक्षिकसत्रको शुरुमै हरेक विद्यार्थीलाई एक सेट पाठ्यपुस्तक खरिद गरी वितरण गर्नुपर्ने व्यवस्था छ । यस वर्ष निःशुल्क पाठ्यपुस्तक वितरण स्थिति निम्नानुसार देखिएको छः

| सि.नं. | कक्षा | लक्षित विद्यार्थी संख्या (हजारमा) | बजेट (रु.हजारमा) | पाठ्यपुस्तक प्राप्त गर्ने विद्यार्थी संख्या | भौतिक प्रगति | बजेट खर्च | खर्च प्रतिशत | कक्षा दोहोऱ्याउने दर |
|---|---|---|---|---|---|---|---|---|
| १ | १-५ | ३११० | ६,०९,८२१ | २१६३ | ६९.७२ | ३८०३७९ | ६२.३८ | ७.८ |
| २ | ६-८ | १४४६ | ६,५३,८७१ | १११२ | ७७.०२ | ५१११०३ | ७८.१७ | ४.० |
| ३ | ९-१० | ७५२ | ४,०९,१४४ | ६३९ | ८५.०४ | २९७९३२ | ७२.८२ | २.९ |
| | **जम्मा:** | **५३०८** | **१६,७२,८३६** | **३९१४** | **७७.२६** | **११८९** | **७१.१२** | |

पाठ्यपुस्तक अनुगमन तथा व्यवस्थापनमा रु.२४ लाख बजेट विनियोजन भएकोमा रु.१६ लाख खर्च भएको छ ।

९.१ प्रत्येक शैक्षिकसत्रको दोस्रो हप्तामा पाठ्यपुस्तक विद्यालयमा पुऱ्याउने प्रतिबद्धता मन्त्रालयले व्यक्त गरेकोमा प्राप्त तथ्याङ्कको आधारमा २०७२ मा देहायको अवस्था देखिएको छः

(संख्या हजारमा)

| कक्षा | कुल भर्ना | पाठ्यपुस्तकको उपलब्धता | | | | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सबै सेट | आंशिक | पुनःप्रयोग | उपलब्ध नभएको | सबै सेट | आंशिक | पुनःप्रयोग | नपाउने |
| १-५ | ३६११ | ३१२२ | १४० | १३० | २१९ | ८६.५ | ३.९ | ३.६ | ६.१ |
| ६-८ | १५६२ | १३७१ | ५५ | ४० | ९५ | ८७.८ | ३.६ | २.६ | ६.१ |
| ९-१० | ७५८ | ६७८ | ३८ | १७ | २४ | ८९.५ | ५.१ | २.२ | ३.२ |

समयमै निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउन पाठ्यक्रम स्वीकृत गरी छपाई आदेश पठाई छपाई र वितरणको लागि सम्बन्धित निकायलाई जिम्मेवार बनाउनुपर्दछ । निर्देशिकामा पाठ्यपुस्तक उपलब्ध गराउंदा कक्षा दोहोऱ्याउने विद्यार्थी घटाई विद्यालयलाई निकासा दिने व्यवस्था मिलाउनु पर्नेमा सो नगरेकाले कक्षा दोहोऱ्याउने विद्यार्थीहरु समेतलाई गणना गरी निकासा गर्दा रु.५ करोड ८८ लाख बढी व्ययभार पर्न गएको देखिन्छ । यसमा अनुगमन गरी नियन्त्रण गर्नुपर्दछ ।

## जिल्ला शिक्षा कार्यालयहरु

१०. **प्रति विद्यार्थी लागत –** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२।७३ मा प्रति विद्यार्थी लागतका आधारमा सामुदायिक अध्यापन काममा सहयोग पुऱ्याउन विद्यालयलाई अनुदान निकासा दिने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय, बाँके, उदयपुरसमेत ८ कार्यालयले रु.२८ लाख बढी निकासा दिएका छन् । यसैगरी विद्यालयहरुलाई प्रति विद्यार्थीका आधारमा नन स्यालरी अनुदान सहयोगअन्तर्गत शैक्षिक सामग्री, मसलन्द खर्च र विद्यालय कर्मचारी व्यवस्थापन खर्चका लागि अनुदान दिने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय, बाग्लुङ्ग लगायत ६ कार्यालयले रु.५५ लाख बढी निकासा दिएका छन् । उक्त रकम असुल हुनुपर्दछ ।

११. **निकासा -** शिक्षा ऐन, २०२८ को दफा १५ मा विद्यालय सार्न, गाभ्न, विद्यालयको नाम परिवर्तन गर्न तथा बन्द गर्न सक्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय, सप्तरीले विद्यालय बन्द गर्ने निर्णय भई सञ्चालनमा नरहेका ३८ विद्यालयको बैंक खातामा रोक्का राखेको रु.१३ लाख सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१२. **रकम उपयोग –** भूकम्पबाट अतिप्रभावित १४ जिल्लाका विद्यालयमा तत्काल अस्थायी भवन निर्माण तथा फर्निचर व्यवस्थापनको लागि एसियाली विकास बैङ्कबाट अनुदान स्वरुप प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमार्फत रु.३० करोड उपलब्ध गराएकोमध्ये भक्तपुरसमेत १३ कार्यालयबाट प्राप्त विवरणअनुसार रु.२३ करोड १४ लाख खर्च भई रु.५ करोड ७१ लाख मौज्दातमा नै राखेकोले सो रकम फिर्ता गरी सञ्चितकोष दाखिला हुनुपर्दछ ।

१३. **बढी निकासा -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२।७३ बमोजिम जिल्ला शिक्षा कार्यालयले विद्यालय शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवेदनको आधारमा तलब भत्ता, चाडपर्व खर्चसमेत हिसाब गरी बढी र दोहोरो नहुने सुनिश्चितता गरी निकासा दिनुपर्दछ । धनुषा, बारा, काभ्रेपलान्चोकसमेत ४५ जिल्ला शिक्षा कार्यालयले यो वर्ष तलब भत्तासमेत पाउनेभन्दा रु.५ करोड ३१ लाख बढी निकासा दिएका छन् । यसैगरी जिल्ला शिक्षा कार्यालय, रुपन्देही समेत १२ ले अवकाश भइसकेका शिक्षकको तलब भत्ताबापत रु.२८ लाख निकासा दिएका छन् । जिल्ला शिक्षा कार्यालय बझाङसमेत ७ ले माग गरेभन्दा रु.९ लाख बढी निकासा दिएका छन् । उक्त रकम असुल हुनुपर्दछ ।

शिक्षकहरुको तलब, भत्ता लगायतका सुविधा भुक्तानी गर्दा अनिवार्य रुपमा बैङ्क खाता खोल्न लगाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोमा सोको कार्यान्वयन भएको छैन । उक्त व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

१४. **पूर्वाधार निर्माण -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२।७३ ले कायक्रम सञ्चालनको लागि विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यालयबीच प्रथम चौमासिकमा सम्झौता गरिसक्नुपर्ने, कार्य सम्पन्न

प्रतिवेदन तयार गरी अन्तिम निकासा दिनुपर्ने, कार्य सम्पन्न नगर्ने विद्यालयलाई अन्तिम किस्ता निकासा नदिने र आषाढ १५ सम्म कार्यालयले प्रतिवेदन प्रमाणित गरी सम्बन्धित निकायमा उपलब्ध गराई सक्नुपर्ने व्यवस्था गरेको छ । यो वर्ष भौतिक सुविधा विस्तार कार्यक्रमको लागि रु.११ अर्ब २८ करोड १७ लाख बजेट व्यवस्था गरेकोमा रु.१० अर्ब ९ करोड ३३ लाख विद्यालयको खातामा निकासा गरी खर्च लेखेको छ । त्यसमध्ये ७२ जिल्ला शिक्षा कार्यालयले रु.६ अर्ब ५७ करोड १७ लाखको भौतिक सुधार कार्यक्रम सञ्चालन गर्न अनुदान उपलब्ध गराएकोमा निर्माण कार्य चालु अवस्थामा छ । सोबाट कार्य सम्पन्न भएको छैन । निर्माण कार्य सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

१५. **दिवा खाजा -** कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७२।७३ को व्यवस्था अनुसार पूर्व प्राथमिक र प्राथमिक तहका विद्यार्थीको लागि प्रति विद्यार्थी दैनिक रु.१२।- का दरले विद्यालय खुल्ने दिनको गणना गरी २०० दिनसम्मको दिवा खाजा व्यवस्था गर्न १४ जिल्लाका विद्यालयलाई रकम निकासा दिने व्यवस्था छ । यो वर्ष जिल्ला शिक्षा कार्यालय, डोल्पा लगायत ३ कार्यालयले वास्तविकभन्दा बढी विद्यार्थीका लागि रु.३४ लाख निकासा दिएको रकम असुल गर्नुपर्दछ । जिल्ला शिक्षा कार्यालय, दाङ्ग र रोल्पाले शैक्षिकसत्र समाप्त भइसकेपछि रु.२ करोड ७३ लाख दिवा खाजामा निकासा दिएकोमा सम्बन्धित विद्यार्थीले उक्त रकम प्राप्त गरेको आधार पेश हुनुपर्दछ ।

१६. **छात्रवृत्ति वितरण** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२।७३ अनुसार दलित विद्यार्थी, छात्रा, शहिदका छोराछोरी, द्वन्द पीडित तथा कमलरीका लागि छात्रवृत्ति व्यवस्था गरी सो रकम निकासा दिँदा विद्यालयमा अध्ययनरत विद्यार्थी संख्याको आधारमा निकासा दिनुपर्ने व्यवस्था छ । यो वर्ष जिल्ला शिक्षा कार्यालय, कालिकोट लगायत ७ कार्यालयले रु.३९ लाख बढी निकासा दिएको रकम असुल हुनुपर्दछ ।

१७. **निःशुल्क पाठ्यपुस्तक -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२।७३ ले कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीको लागि प्रति विद्यार्थी इकाई लागतको आधारमा निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था गरेको छ । जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची समेत १२ कार्यालयले निर्धारित मूल्यसूचीभन्दा बढी हुने गरी रु.१ करोड ७८ लाख निकासा दिएकोले असुल हुनुपर्दछ ।

## परीक्षा नियन्त्रण कार्यालय

१८. **उत्तरपुस्तिका छपाई** - परीक्षा नियन्त्रण कार्यालयले प्रवेशिका परीक्षा २०७२ मा विद्यार्थी संख्याको आधारमा मूल उत्तर पुस्तिका नियमिततर्फ ४९ लाख २४ हजार र पूरकतर्फ १ लाख २४ हजारसमेत ५० लाख ४८ हजार आवश्यक पर्नेमा ८३ लाख ५५ हजार थान छपाई गरी ३३ लाख ७ हजार बढी उत्तर पुस्तिका छपाई गरी रु. १ करोड ३१ लाख बढी खर्च गरेको छ ।

# संगठित संस्था तथा अन्य संस्था

## विश्वविद्यालय अनुदान आयोग

१९. **अनुदान** - यस वर्ष आयोगले ९ विश्वविद्यालयलाई चालुमा रु.५ अर्ब ९२ करोड ६२ लाख र पुँजीगततर्फ रु.५९ करोड ५० लाख अनुदान दिएकोमध्ये त्रिभुवन विश्वविद्यालयलाई चालु अनुदान रु.४ अर्ब ८५ करोड र पुँजीगत अनुदान रु.२० करोड उपलब्ध गराएको छ । काठमाडौं विश्वविद्यालयलाई चालु अनुदानको लागि रु.६ करोड ५० लाख, पुँजीगत अनुदानको लागि रु.१ करोड ५० लाख तथा पूर्वाञ्चल विश्वविद्यालयको लागि चालु अनुदानको लागि रु.६ करोड ४४ लाख तथा पुँजीगत अनुदान रु.२ करोड उपलब्ध गराएकोमा सोको लेखापरीक्षण यस कार्यालयबाट नहुने हुँदा उक्त खर्चको अवस्था यकिन भएन ।

आयोगले ९ वटा विश्वविद्यालय र अन्तर्गतका क्याम्पस र संस्थालाई रु.७९ करोड ४० लाख पुँजीगत अनुदान उपलब्ध गराएकोमा उक्त अनुदानको अनुगमन गरेको प्रमाण राखी अनुदानको उपयोग सुनिश्चित गर्नुपर्दछ ।

२०. **प्रत्यायन/प्रमाणिकरणको अवस्था** - विश्वविद्यालय अनुदान आयोगको प्रत्यायन तथा प्रमाणीकरण कार्यले अपेक्षित गति लिन सकेको पाइएन । शैक्षिकस्तर मापन गर्ने मापदण्डको रुपमा रहेको प्रत्यायन/प्रमाणीकरण

हालसम्म त्रिभुवन विश्वविद्यालयअन्तर्गत १ आँगिक र ११ सामुदायिक गरी १२ तथा काठमाडौं विश्वविद्यालयका २ आंगिक क्याम्पसले मात्र यस्तो मापदण्ड पूरा गरेका छन् ।

२१. **कार्यक्रममा नपरेको खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम बमोजिम मात्र खर्च गर्नुपर्नेमा यो वर्ष आयोगले विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत बजेट व्यवस्थानै नगरी इन्जिनियरिङ्ग अध्ययन विषयमा रु.५९ लाख छात्रवृत्ति उपलब्ध गराएको छ । यसमा नियन्त्रण हुनुपर्दछ ।

## राष्ट्रिय परीक्षा बोर्ड

२२. **कार्यक्रम खर्च** - गरीब, पिछडिएका र भूकम्पपीडित विद्यार्थीहरुलाई ५ प्रकारका छात्रवृत्ति उपलब्ध गराउने उद्देश्यले यो वर्ष रु.१० करोड १४ लाख बजेट व्यवस्था गरेकोमा २ प्रकारका छात्रवृत्ति वितरणमा रु.२८ लाख खर्च गरेकोले आवश्यकता पहिचान गरी बजेट र कार्यक्रम बनाउनु पर्दछ । यसैगरी यो वर्ष बोर्डले शिक्षा व्यवस्थापन सूचना प्रणाली सफ्टवेयर निर्माण र विकास लागि रु.१ करोड र शैक्षिक सूचना केन्द्र व्यवस्थापनको लागि रु.२० लाख बजेट व्यवस्था गरेपनि सफ्टवेयर निर्माणमा रु.१ लाख मात्र खर्च गरी रु.१ करोड १९ लाख मौज्दात राखेको छ । विनियोजित बजेट निर्धारित कार्यक्रममा खर्च नगरी मौज्दात राख्नु उपयुक्त भएन ।

## प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्

२३. **आर्जित रकम केन्द्रमा प्राप्त हुने नगरेको** - यो वर्ष मातहत निकायहरुबाट रु.९३ करोड ४१ लाख प्राप्त हुनुपर्नेमा विभिन्न निकायबाट रु.७७ करोड १९ लाख प्राप्त भएकोले रु.१६ करोड २२ लाख प्राप्त हुनुपर्ने देखिन्छ ।

२४. **सम्बन्धन प्रक्रिया** - प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ऐन, २०४५ तथा नियमावली, २०५१ अनुसार प्राविधिक शिक्षालय सञ्चालन गर्न स्वीकृति लिनुपर्ने, अस्थायी/स्थायी स्वीकृति दिन र रद्द गर्न निवेदन दिनुपर्ने, परिषदले स्वीकृति स्थगन वा रद्द गर्नेसम्म व्यवस्था छ । प्राप्त विवरणअनुसार तालिमका लागि विभिन्न विषयका १ हजार १०७ संस्था दर्ता भएकोमा २०७३।७४ मा ४५७ संस्थाको नवीकरण भएको छ । सम्बन्धनको लागि २०६९।२।२९ मा प्रस्ताव माग गर्दा ७४६ प्रस्ताव पेश भएतापनि योभन्दा अघिका प्रस्तावमध्ये १४ संस्थालाई मात्र २०७२।७३ मा सम्बन्धन दिएको छ । सम्बन्धन स्वीकृतिमा ढिलाई हुने गरेको र सम्बन्धन स्वीकृति पश्चात पालना गर्नुपर्ने आचारसंहिता, कार्यविधि, मार्गदर्शन आदि परिषद्ले स्वीकृत गरी कार्यान्वयन गराउने व्यवस्था गरेको छैन ।

परिषदको नियमावली, २०५१ को नियम १९ मा अस्थायी स्वीकृति प्राप्त संस्थाले २ वर्षभित्र स्थायी स्वीकृति दिन सक्नेमा हालसम्म कुनैपनि संस्थालाई स्थायी सम्बन्धन नदिई अस्थायी सम्बन्धनको नविकरण गर्दै आएको छ । सम्बन्धनको लागि आव्हान भएका प्रस्ताव उपर छानबिन गरी सम्बन्धन दिने कार्य समयमा टुंगो लगाउने, परिषद्ले सम्बन्धन प्राप्त निकायहरुको अभिलेख व्यवस्थित गरी दर्ता, नवीकरण, सञ्चालन अवस्था, थप कार्यक्रमको स्वीकृति आदि खुल्ने गरी अभिलेख अद्यावधिक गर्ने र पालना गर्नुपर्ने आचारसंहिता, कार्यविधि, मार्गदर्शन तयार गरी लागू गर्नुपर्ने देखिन्छ ।

## त्रिभुवन विश्वविद्यालय

विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, सेवा आयोग, केन्द्रीय विभाग ३८, अनुसन्धान केन्द्र ४, आंगिक क्याम्पस ६० र अन्य कार्यालय २२ लगायत १२६ निकाय सञ्चालनमा रहेका छन् । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोराहरु निम्नानुसार छन्:

२५. **वित्तीय विवरण –** विश्वविद्यालयले केन्द्रीय कार्यालय र मातहतका आङ्गिक क्याम्पस तथा निकाय समेतको एकिकृत वासलात र वित्तीय विवरण पेश गरेकोमा केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, शंकरदेव क्याम्पस लगायत ९ को आर्थिक कारोबार समावेश नभएकोले वित्तीय विवरण अपूर्ण रहेको छ । विश्वविद्यालय र अन्तर्गतका निकायले पुँजीगत सम्पत्तिको विवरण खुल्ने सम्पत्ति खाता, पेश्की, दायित्व तथा धरौटी लगायत केन्द्रीय कोषका खाताहरु अद्यावधिक राखेका छैनन् । यसबाट विश्वविद्यालयको समग्र आय-व्यय एवं सम्पत्ति तथा दायित्वको स्थिति यकिन गर्न नसकिने भएकोले खाताहरु अद्यावधिक गरिनुपर्दछ ।

२६. **लेखापरीक्षण –** विश्वविद्यालयको आय-व्ययको विवरण तयार गरी लेखा अद्यावधिक राखी आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । यस वर्ष विश्वविद्यालय अन्तर्गतका १२६ मध्ये ६९ निकायले मात्र आन्तरिक लेखापरीक्षण गराई वित्तीय विवरण पेश गरेका छन् । समयमा आन्तरिक लेखापरीक्षण गरी वित्तीय विवरण पेश नगरेकोले केन्द्रीय कार्यालय, शिक्षण अस्पताल, इन्जिनियरिङ्ग अध्ययन संस्थानअन्तर्गतका निकायहरु र परीक्षा नियन्त्रण कार्यालयलगायत ५७ निकायको लेखापरीक्षण हुन सकेन । आन्तरिक लेखापरीक्षण गराई वित्तीय विवरण पेश नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

गत वर्षसम्मको वक्यौता ३७७ मध्ये यो वर्ष ५७ इकाइले वित्तीय विवरण पेश गरी लेखापरीक्षण गराएका छन् । वक्यौता लेखापरीक्षण नगराएका ३२० मा यो वर्षको संख्या थप समेत ३७७ निकायको वक्यौता रहेको छ । सार्वजनिक लेखा समितिले २०६९ वैशाखमा तीन महिनाभित्र वक्यौता लेखापरीक्षण गराउन निर्देशन दिएको भए तापनि सोको पालना नभएको व्यहोरा विगत प्रतिवेदनमा औंल्याइएकोमा स्थितिमा सुधार आएको छैन ।

२७. **विश्वविद्यालय कोष** – त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ मा विश्वविद्यालयको एक कोष रहने व्यवस्था छ । कोषमा विश्वविद्यालय अनुदान आयोगबाट यस वर्ष चालू तर्फ रु ४ अर्ब ८५ करोड र पुँजीगततर्फ रु.२० करोडसमेत रु.५ अर्ब ५ करोड अनुदान प्राप्त भएको देखियो । द्वन्द्व, शान्ति र विकास अध्ययन विभागले एक विदेशी सरकारसँग सीधै सम्फौता गरी २ कार्यक्रम सञ्चालन गर्न रु.८९ लाख, शिक्षा शास्त्र डिनको कार्यालयले चिल्ड्रेन वर्ल्ड प्रोजेक्ट र हाइयर एजेकुशन अफ इन्स्टिच्युसनल कोअपरेशन इन्स्टुमेन्ट प्रोजेक्टको लागि गोथे यूनिभर्सिटी, जर्मनी र फिनल्यान्डको जे.एम.के. यूनिभर्सिटीसँग सीधै सम्फौता गरी रु.१ करोड २१ लाख ९७ हजार, शिक्षा शास्त्र केन्द्रीय विभागले एक विदेशी सरकारसँग रु.२ करोड ८१ लाख विश्वविद्यालयको केन्द्रीय खातामा जम्मा नगरी सम्बन्धित निकायले सीधै खर्च गरेको छ । शिक्षा शास्त्र केन्द्रीय विभागले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ अनुसार आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षण गराउनुपर्नेमा अन्तिम लेखापरीक्षणको लागि महालेखापरीक्षकको कार्यालयलाई वित्तीय विवरण पेश गरेको छैन । सबै किसिमका आम्दानी कोषमा देखाउने र यस कार्यालयमा लेखापरीक्षणको लागि वित्तीय विवरण पेश गर्नुपर्दछ ।

२८. **कोषमा जम्मा –** नियमित शीर्षकदेखि वाहेक अन्य आम्दानीबाट ९० प्रतिशतसम्म खर्च गरी वाँकी रकम विश्वविद्यालय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा यो वर्ष विश्वविद्यालय अन्तर्गतका ४२ इकाइले अन्य आम्दानी देखाएको रु.७३ करोड ५२ लाखको १० प्रतिशतले हुने रु.७ करोड ३५ लाख विश्वविद्यालय कोषमा जम्मा गरेको छैन । यो रकम यथाशीघ्र जम्मा हुनुपर्दछ ।

२९. **धरौटी** – त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० मा खर्च नभई बांकी रहेको रकम केन्द्रीय कार्यालयको कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा कृषि तथा पशु विज्ञान डीनको कार्यालयले भवन निर्माणको लागि रु.२ करोड २५ लाख, ३ केन्द्रीय विभागले उच्च शिक्षा परियोजना कार्यक्रम सञ्चालन गर्न गत वर्षनै प्राप्त भएको रु.९ लाख, पाटन संयुक्त क्याम्पसले रु.४ करोड २० लाख, शिक्षा शास्त्र केन्द्रीय विभागले रु.३ करोड १७ लाखसमेत रु.९ करोड ७१ लाख फिर्ता नगरी धरौटीमा सारेको देखिन्छ । यस्तो कारोबार गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३०. **पेश्की –** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० मा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा म्याद नाघेको मितिले वार्षिक १२ प्रतिशतका दरले ब्याज लिने र त्यस्तो शिक्षक कर्मचारी उपर सेवा शर्तसम्बन्धी नियमबमोजिम आवश्यक कारबाही गरिने उल्लेख छ । विश्वविद्यालय र अन्तर्गत ४८ निकायमा यो वर्षसम्म कर्मचारी पेश्की रु ११ करोड १८ लाख र अन्य पेश्की रु २१ करोड ८ लाख समेत रु ३२ करोड २६ लाख पेश्की बांकी रहेको छ । नियमको व्यवस्थाबमोजिम आवश्यक प्रक्रिया अवलम्वन गरी समयमा नै पेश्की फछ्र्यौट गराउनुपर्दछ ।

३१. **बढी खर्च**– त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० मा स्वीकृत बेगर विनियोजित बजेट भन्दा बढी खर्च गर्न नहुने व्यवस्था छ । यो वर्ष १७ निकायले धरौटी तथा अन्य मौज्दातबाट तलब भत्ता समेतका शीर्षकमा स्वीकृत वजेटभन्दा रु ९ करोड ७० लाख वढी खर्च गरेका छन् ।

केन्द्रीय कार्यालयको स्वीकृति बेगर विनियोजित रकम भन्दा बढि खर्च गर्न नहुने र त्यस्तो खर्चको व्ययभार धरौटी रकममाथि पर्ने विद्यमान परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

३२. **बैङ्क हिसाव मिलान –** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० मा संगठन वा निकाय प्रमुखले हिसाब किताब रीतपूर्वक राखी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । आर्थिक कारोबार सञ्चालन गर्दा बैङ्क हिसाब भिडान गरी हिसाब मिलान गर्नुपर्नेमा लेखापरीक्षण सम्पन्न भएकामध्ये ४५ निकायले रु ५० करोड ९४ लाख बैङ्क र स्रेस्तामा फरक देखाएको छ । बैङ्क हिसाब मिलान गरी वास्तविक बैङ्क मौज्दातको यकिन गर्नुपर्दछ।

३३. **भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम पारिश्रमिक आय, सेवा शुल्क, भाडा र ठेक्काको रकम भुक्तानीमा अग्रिम आयकर कट्टा गर्नुपर्नेमा शिक्षण अस्पतालसमेत ३२ निकायले रु.९३ लाख पारिश्रमिक कर रु.११ लाख बहाल कर र रु.१ लाख अन्य करसमेत रु.१ करोड ५ लाख कर कट्टा गरेका छैनन् । उक्त रकम बम्वन्धितबाट असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

३४. **सम्बन्धन –** त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० अनुसारको प्रक्रिया पुऱ्याएको अवस्थामा विश्वविद्यालयबाट सम्बन्धन दिन सकिने व्यवस्था छ । चिकित्शा शास्त्र अध्ययन संस्थान अन्तर्गतका १५ कलेजलाई स्थायी तथा अस्थायी सम्बन्धन अनुमति दिएकोमा सम्झौताअनुसार ६-६ महिनामा वित्तीय विवरण पेश गर्ने व्यवस्था भएकोमा पेश गरेका छैनन् । छानबिन समितिले ९ कलेजबाट रु ८ करोड ४१ लाख २९ हजार संस्थागत शुल्क बुझाउन बाँकीको प्रतिवेदन पेश गरे पश्चात ताकेता गर्दा समेत संस्थागत शुल्क प्राप्त गरेको देखिएन । संस्थागत शुल्क दाखिला नगर्नेलाई आवश्यक कारबाही हुनुपर्दछ ।

३५. **दरबन्दी र पदपूर्ति –** त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम, २०५० को नियम ४ मा शिक्षक तथा कर्मचारीको दरबन्दी तोकिनुपर्ने र सेवा आयोगबाट शिफारिस भई आएकालाई नियुक्ति दिने व्यवस्था छ । सेवा आयोगलाई पद रिक्त भएको सूचना दिई नियमको व्यवस्था बमोजिम पदपूर्तिको प्रक्रिया अगाडि नबढाई २० निकायले २५ शिक्षक र २१५ कर्मचारी करारमा भर्ना गरी रु.८ करोड ९२ लाख तलब भत्ता खर्च लेखेका छन् । दरबन्दी निर्धारण र नियमित पदपूर्ति व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

३६. **सोधकार्य हिसाब –** त्रिभूवन विश्वविद्यालय आर्थिक प्रशासन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० अनुसार संगठन वा निकायमा प्राप्त हुने सम्पूर्ण आय अनिवार्य रुपमा मूल खातामा जम्मा गरी रजिष्ट्रारको स्वीकृति लिएर खर्च गर्न सकिने व्यवस्था छ । यो वर्ष २ क्याम्पस तथा १ निकायले सोधकार्य वापतको शुल्क मूल खातामा दाखिला नगरी विषयगत विभागले रु १६ लाख ५० हजार असुली गरेकोमा आम्दानी तथा खर्चको स्रेस्ता लेखापरीक्षणको लागि पेश भएको छैन । नियम विपरीत आर्थिक कारोबार गर्ने र लेखापरीक्षण नगराउने पदाधिकारीलाई जिम्मेवार बनाईनुपर्दछ।

३७. **शिक्षक विद्यार्थी अनुपात –** विश्वविद्यालय मातहत ५ अध्ययन संस्थान, ४ संकाय अन्तर्गत ६० आंगिक क्याम्पस र १ हजार ८४ सम्बन्धन प्राप्त क्याम्पसहरुमा विभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । प्राप्त तथ्याङ्क अनुसार कूल २ लाख ९९ हजार विद्यार्थीमध्ये आंगिक क्याम्पसमा १ लाख ४ हजार विद्यार्थीका लागि अध्यापन कार्यमा ८ हजार शिक्षक संलग्न छन् ।

विश्वविद्यालय अन्तर्गत ३८ केन्द्रीय विभागमध्ये १३ वटा विभागको तथ्याङ्क अनुसार कूल विद्यार्थी संख्या १ हजार ४३७ रहेकोमा प्राध्यापकको संख्या १७६ जना रहेको छ भने शिक्षकहरुको वार्षिक तलब भत्तामा रु ८ करोड ४४ लाख खर्च भएको छ । शिक्षक विद्यार्थी अनुपात १:८ रहेको छ भने प्रतिविद्यार्थी लागत रु ५९ हजार पर्न गएको छ । विश्वविद्यालयमा विद्यार्थी संख्या प्रत्येक वर्ष घट्दै गएको छ । इतिहास, भूगोल, संस्कृति, भाषा जस्ता विषयमा विद्यार्थीको संख्या कम हुँदै गइरहेको, प्रमाणपत्र तह हटाइएपछि त्यहाँ अध्यापन गर्ने शिक्षकहरु अन्य निकायमा समायोजन गर्न नसकेको, विषयगत शिक्षकहरु प्रत्येक वर्ष नियुक्ती गरिएतापनि सोही अनुपातमा विद्यार्थी भर्ना हुने नगरेको जस्ता कारणले शिक्षक विद्यार्थी अनुपात घट्दै गएको देखिएको छ ।

विश्वविद्यालयमा सेमेष्टर प्रणाली लागू गरिएतापनि पूर्णता दिन नसक्नु, पाठ्यक्रममा परिवर्तन र परिमार्जन हुन नसक्नु, शिक्षकहरु नयाँ प्रविधि अनुसार प्रशिक्षित हुन नसक्नु जस्ता कारणले गर्दा विश्वविद्यालयमा दिन प्रतिदिन विद्यार्थीको संख्या कम हुँदै गएको हो । प्रविणता प्रमाणपत्र तह हटिसकेपछि

पनि शिक्षकहरुलाइ विषयअनुसार अन्यत्र स्थानान्तरण गर्न नसक्नु र शिक्षकहरु समेत स्थानान्तरण नगरेको अवस्था छ । विश्वविद्यालयले नयाँ नयाँ विषय र प्रविधिको अध्ययन, अन्वेषण गरी पाठ्यक्रममा परीमार्जन गरी अध्ययनको व्यवस्था मिलाउने, बढी भएका शिक्षकहरुलाई दरबन्दी मिलान गरी शिक्षक विद्यार्थी अनुपातमा सामन्जस्यता ल्याउन र उपलब्ध स्रोत साधनको अधिकतम उपयोगमा ल्याउनु पर्दछ ।

३८. **जग्गाको उपयोग स्थिति –** त्रिभुवन विश्वविद्यालय आर्थिक तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० को नियम ८१ उपनियम ७ मा निकाय अन्तर्गतको घर, जग्गा, सवारी साधन तथा अन्य तोकिएको सम्पत्तिको केन्द्रीय लगत राख्ने वा संरक्षण गर्नुपर्ने र नियम ९२ बमोजिम घर, जग्गा वा अन्य कुनै सम्पत्ति बहाल वा लिजमा दिन सकिने व्यवस्था छ ।

विश्वविद्यालय र अन्तर्गत निकायमा रहेको जग्गा र सोको उपयोगको विवरणमा ९ क्याम्पसले ३५५ विगाहा १७ कठ्ठा र २४ क्याम्पसले ७ हजार ८७ रोपनी १४ आना जग्गा रहेको देखिन्छ । प्राप्त विवरण अनुसार १५ क्याम्पस/निकायले कार्यालय प्रयोजनमानै जग्गा उपयोग गरेको, ३ विभाग र १ क्याम्पसले केन्द्रीय कार्यालयको जग्गामा कार्यालय सञ्चालन गरेको तथा ४ क्याम्पसले जग्गाको प्रयोग स्थिति वारे कुनै व्यहोरा उल्लेख गरेका छैनन् । त्यसैगरी ११ क्याम्पस/निकायले २४० बिगाहा १९ कठ्ठा र १९१ रोपनी जग्गा र घरको ठेक्का करारबाट २०७०।७१ मा रु.२ करोड ४५ लाख २०७१।७२ मा रु.२ करोड ४४ लाख र २०७२।७३ मा रु.२ करोड ३८ लाख आम्दानी गरेका छन् । विश्वविद्यालय अन्तर्गतका सवै निकायमा रहेको घर जग्गाको केन्द्रीय लगत अद्यावधिक गरेको देखिएन ।

विश्वविद्यालयले आफू र अन्तर्गत जग्गाको लगत राखी त्यसको सदुपयोग र संरक्षण गर्न नसकेको कारण केही जग्गा अतिक्रमणमा परेको र अतिक्रमित जग्गा भोगचलनमा लिन नसकेकोले पनि आम्दानीको श्रोत घट्दै गएको छ । घर जग्गालाई कार्यालय प्रयोजन र आय आर्जनको लागि उपयोग गर्न सकिने गरी वर्गीकरण नगरेको र महेन्द्र बहुमुखी क्याम्पस, दाङ्गको करीब ९० बिगाहा, धनकुटा बहुमुखी क्याम्पसको झापामा रहेको जग्गा अतिक्रमणमा परेको, शिक्षण अस्पताल महाराजगन्जको करिब १८७ रोपनी जग्गाको लालपुर्जा प्राप्त नभएको, बुटवल बहुमुखी क्याम्पसको नाममा १० बिगाहा ११ कठ्ठा जग्गा दर्ता हुन बाँकी रहेको र ठेक्कामा दिएको रकम असुलउपर नभएको अवस्था छ । आफ्नो स्वामित्वमा रहेको घर जग्गाको अधिकतम उपयोग गरी विश्वविद्यालयको आय वृद्धि कार्यक्रमलाई अगाडि बढाउनुपर्दछ ।

## शिक्षण अस्पताल महाराजगन्ज (२०७१।७२)

३९. **बासलात -** शिक्षण अस्पताल, महाराजगञ्जले लेखाका आधारभूत सिद्दान्त अवलम्वन गरी आर्थिक कारोबारको अभिलेख नराखेको र त्रिभुवन विश्वविद्यालय लेखा संहितानुसार आर्थिक विवरण तयार गर्ने नगरेकोले वासलात यथार्थ रुपमा तयार गरेको छैन । अस्पतालले वासलातमा विगत वर्षदेखि लगानीमा नरहेको १० वटा मुद्दती खाताको लगानी रु.२ करोड ४७ लाख समावेश गरेको, १६ बैङ्कमा ऋणात्मक मौज्दात देखाएको, निःशुल्क तथा छुटमा उपचार गरेको बिरामी, शिक्षक तथा कर्मचारीको आम्दानी खर्च जनाउने नगरेको, अभिलेखहरुको आन्तरिक जाँचको अवस्था सुनिश्चित नगरेको कारण अस्पतालले प्रस्तुत गरेको वासलातले सम्पत्ति, दायित्व र आम्दानी तथा खर्चको यथार्थ चित्रण नगरेको स्थिति छ । यसमा सुधार हुनुपर्ने व्यहोरा विगतका प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत् छ ।

४०. **बैङ्क मौज्दात -** अस्पतालले स्रेस्तामा बैङ्क मौज्दात रु ३८ करोड ३ लाख देखाएकोमा बैङ्क विवरणमा रु.३७ करोड ७६ लाखमात्र मौज्दात रहन गई रु.२८ लाख फरक पर्न गएको छ । अन्य १२ बैङ्क खातामा रु.११ करोड ४१ लाख ऋणात्मक मौज्दात रहेको विवरण पेश भएकोले बैङ्क विवरण र मौज्दात रकमको यकिन गर्नुपर्दछ । फार्मेसीतर्फ रु.१ करोड ३५ लाख ऋणात्मक मौज्दात देखाएकोमा बैङ्क हिसाब मिलान गर्नुपर्दछ ।

४१. **घाटामा सञ्चालन –** अस्पतालको नियमित कार्यक्रमतर्फ आम्दानी र निकासासमेत रु.१ अर्ब ४४ करोड ४६ लाख भएकोमा रु.१ अर्ब ४८ करोड ४० लाख खर्च गरी रु.३ करोड ९४ लाख र फार्मेसीतर्फ रु.७२ लाख न्यून भएको समेत रु.४ करोड ६६ लाख न्यून देखाइएको छ । बजेटको सीमालाई ध्यान नदिएको र खरिद योजना बेगर दायित्व सिर्जना हुने गरी खर्च गरेको कारण रु.३० करोड ५४ लाख बजेट नघाई खर्च गरेकोले अस्पताल नोक्सानीमा सञ्चालन भएको देखियो ।

४२. **भवन निर्माण –** सुरेश वाग्ले स्मृति क्यान्सर भवन निर्माण वापत प्रथमदेखि पाँचौ रनिङ्ग बिलसम्मको मूल्य समायोजनबापत रु.१ करोड ७० लाख भुक्तानी गर्दा भौचरबाट कट्टी भएको पेश्कीभन्दा रु.६३ लाख फरक पारी रु.१० लाख बढी भुक्तानी र प्रोभिजनल आइटममा रहेको बीमा प्रिमियमबापत रु.४ लाखको बिल रहेकोमा रु.११ लाख भुक्तानी गरेकोले रु.७ लाखसमेत रु.१७ लाख बढी भुक्तानी गरेको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

## नेपाल संस्कृत विश्वविद्यालय

विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, अनुसन्धान केन्द्र, सम्पर्क कार्यालय, सेवा आयोगको कार्यालय, आयुर्वेद अध्ययन संस्थान डीन कार्यालय, विद्यापीठ १३, संस्कृत माध्यामिक विद्यालय २ र अन्य कार्यालय ३ समेत २४ कार्यालय रहेका छन् ।

४३. **जग्गा उपयोग –** विश्वविद्यालयको स्वामित्वमा रहेको देउखुरी स्थित १३३६-०-७ बिगाहा जग्गाबाट गत विगत वर्षमा जस्तै यस वर्ष पनि कुनै आय आर्जन गर्न सकेको देखिएन । उक्त जग्गाको मालपोत शुल्क वापत मात्र यस वर्ष रु.३ लाख खर्च भएको छ । विश्वविद्यालयले ५०० बिगाहामा मोही रहेको र अन्य जग्गा समेत २०५८ सालदेखि विभिन्न व्यक्तिहरुबाट अतिक्रमण भई जग्गाको उपयोग गर्न नसकिएको जवाफ दिएको छ ।

४४. **पेश्की -** विश्वविद्यालयको आर्थिक प्रशासनसम्बन्धी नियम, २०६७ को नियम ३३ मा तोकिएको अवधिभित्रै पेश्की फछ्र्यौट गर्नुपर्ने र नगरेमा बाँकी रकममा वार्षिक १० प्रतिशतका दरले ब्याजसमेत लिने व्यवस्था छ । यो वर्षसम्म पदाधिकारी, कर्मचारी र संस्थाको नाममा रहेको रु.३ करोड ३९ लाख पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

## सुदूरपश्चिमाञ्चल विश्वविद्यालय

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, सेवा आयोगको कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, व्यवस्थापन डीन कार्यालय, शिक्षा, मानविकी र व्यवस्थापन विभाग ३, शिक्षा मानविकी र विज्ञान प्रविधि संकाय ३, समेत १० निकाय सञ्चालनमा रहेका छन् ।

४५. **वासलात –** विश्वविद्यालय र अन्तर्गतका सबै निकायले पुँजीगत सम्पत्तिको विवरण खुल्ने गरी सम्पत्ति खाता, पेश्की, अन्य सम्पत्ति, दायित्व र धरौटी लगायत केन्द्रीय कोषका खाताहरु समेत अद्यावधिक राखेको छैन । यसबाट विश्वविद्यालयको समग्र आय-व्यय एवं सम्पत्ति तथा दायित्वको स्थिति यकिन गर्न सकिएन ।

## मध्यपश्चिमाञ्चल विश्वविद्यालय

मध्यपश्चिमाञ्चल विश्वविद्यालयअन्तर्गत केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, अनुसन्धान केन्द्र, डीन कार्यालय ५ र विषयगत ५ क्याम्पससमेत १३ निकाय सञ्चालनमा रहेका छन् ।

४६. **बैङ्क हिसाब मिलान बिवरवण –** मध्यपश्चिमाञ्चल विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ अनुसार विश्वविद्यालयले आर्थिक व्ययभार र कारोबारको स्थिति स्पष्ट देखिने गरी लेखा राख्नुपर्ने व्यवस्था छ । विश्वविद्यालय केन्द्रीय कार्यालय र अन्तर्गतका २ निकायले स्रेस्ता र बैङ्क बाँकी विवरणमा फरक परेको रकमको बैङ्क हिसाब मिलान विवरण तयार नगरेकोले फरक परेको रु.३ करोड ५८ लाखको हिसाब मिलान हुनुपर्दछ ।

४७. **कोष दाखिला नगरेको –** मध्यपश्चिमाञ्चल विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ बमोजिम नियमित शीर्षक बाहेकको आम्दानी रकमको १० प्रतिशत रकम विश्वविद्यालय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस वर्ष विश्वविद्यालयले अन्य आम्दानी शीर्षकमा रु.६ करोड ३१ लाख ५७ हजार आम्दानी गरेकोमा सो को १० प्रतिशतले हुने रु.६३ लाख विश्वविद्यालय कोषमा जम्मा गर्नुपर्दछ ।

## कृषि तथा वन विज्ञान विश्वविद्यालय

कृषि तथा वन विज्ञान विश्वविद्यालयअन्तर्गत केन्द्रीय कार्यालय अनुसन्धान तथा प्रचार निर्देशनालय, परीक्षा नियन्त्रण कार्यालय र ३ विषयगत संकायसमेत ७ निकाय सञ्चालनमा रहेका छन् ।

४८. **आर्थिक विवरण** - विश्वविद्यालयले केन्द्रीय कार्यालय र मातहतका संकाय तथा निकायसमेतको आर्थिक कारोबार समेटेर एकीकृत आर्थिक विवरण पेश गरेको छैन । विश्वविद्यालय र अन्तर्गगका सबै निकायले पुँजीगत सम्पत्तिको विवरण खुल्ने सम्पत्ति खाता अद्यावधिक राखेको छैन । पेश भएको वासलातले विश्वविद्यालयको वास्तविक सम्पत्ति, दायित्व तथा समग्र आर्थिक स्थिति यकिन गर्न सक्ने अवस्था छैन ।

४९. **पेश्की –** विश्वविद्यालयको आर्थिक प्रशासनसम्बन्धी नियम, २०६७ को नियम ३३ मा तोकिएको अवधिभित्रै पेश्की फछ्र्यौट गर्नुपर्ने र नगरेमा बाँकी रकममा वार्षिक १० प्रतिशतका दरले ब्याजसमेत लिने व्यवस्था छ । यो वर्षसम्म पदाधिकारी, कर्मचारी र संस्थाको नाममा रहेको रु.१ करोड २७ लाख पेश्की फछ्र्यौट हुनुपर्दछ ।

## पोखरा विश्वविद्यालय

पोखरा विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, डीनको कार्यालय र ३ संकाय समेत ६ निकाय सञ्चालनमा रहेका छन् ।

५०. **आर्थिक विवरण –** विश्वविद्यालयले एकीकृत आर्थिक विवरण तयार नगरेकोले विश्वविद्यालयको कुल सम्पत्ति, दायित्व तथा समग्र आर्थिक स्थितिको यकिन गर्न सकिएन ।

५१. **दायित्व –** विश्वविद्यालयले उपदान तथा निवृतिभरण प्रयोजनमा छुट्याएको रु.३ करोड ८५ लाख ४१ हजार वासलातको दायित्वमा देखाउनुपर्नेमा देखाएको छैन ।

५२. **कोष दायित्व –** पोखरा विश्वविद्यालय क्याम्पस/स्कुल सञ्चालन सम्बन्धी नियमावली, २०६० को परिच्छेद-३ को ५(६) मा कुनै निश्चित प्रयोजनको लागि उठाएको शुल्कबाहेक अन्य कुनै तरिकाबाट प्राप्त आयको १० प्रतिशत रकम विश्वविद्यालय कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । विश्वविद्यालयअर्न्तगतका इकाईको ३ वर्षको रु.४० लाख ६० हजार अन्य भुक्तानी देखाएकोमा १० प्रतिशतले हुने रु.४ लाख ६ हजार कोषमा दाखिला गरेको छैन ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ११२ निकायमा रु.७ अर्ब ७९ करोड ८ लाख ८० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ६४ लाख ८३ हजार फछ्र्यौट गरेकोले रु.७ अर्ब ७६ करोड ४३ लाख ९७ हजार बाँकी रहेको छ । सोमध्ये रु.२६ करोड ७० लाख ४५ हजार पेश्की बाँकी रहेको छ ।
  - संगठित संस्था, अन्य संस्था र समितितर्फ यो वर्ष रु.३ अर्ब ३ करोड १३ लाख ७५ हजार देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ करोड ९० लाख ६ हजार बेरुजू फछ्र्यौट गरेकोले रु.२ अर्ब ९८ करोड २३ लाख ६९ हजार बाँकी रहेको छ । सोमध्ये रु.१८ करोड १४ लाख ८१ हजार पेश्की बाँकी रहेको छ ।